कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

मितिः २०८१।१०।२४

**काठमाडौं - हङकङ उडान भएको Cathay Pacific Airlines को यात्रुहरुलाई खाद्य विषाक्तता भएको सम्वन्धमा छानविन कार्यदलको प्रतिवेदन सम्वन्धमा ।**

## प्रेस नोट

खाद्य स्वच्छता नियामक निकायहरुको अन्तराष्ट्रिय संजाल International Food safety authority Network (IFOSAN) को इमरजेन्सी कन्टयाक्ट पोइन्टको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक संजीव कुमार कर्ण रहनु भएको विदितै छ ।

मिति २०२५ जनवरी ११ मा IFOSAN Secretariat Geneva Switzerland वाट प्राप्त इमेल जानकारी अनुसार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काठमाडौंवाट हङकङ उडान भएको Cathay Pacific Airlines को मिति २०२४ जनवरी ०८ गते उडानमा रहेको १० जना र २०२४ जनवारी ०९ गते उडानमा रहेको १८ जना यात्रुहरुलाई खाद्य विषाक्तता (Food Poisoning) भएको जानकारी प्राप्त भएको सन्दर्भमा सो सम्वन्धि अध्ययन गरि प्रतिवेदन पेश गर्न विभागका महानिर्देशक श्री संजीव कुमार कर्णज्यूको अध्यक्षतामा मिति २०८१ पौष २८ गते बसेको इन्फोसान सम्वन्धी बैठकको निर्णयानुसार विभागका ब. खा. अ. अ. एवं कोडेक्स तथा इन्फोसान सचिवालयका शाखा प्रमुख सुमन धितालको संयोजकत्वमा खा. अ. अ. इश्वर सुवेदी सहसंयोजक तथा खा. अ. अ. सारदा आचार्य र प्राविधिक सहायक सृजना राई सदस्य रहेको चार सदस्यीय अध्ययन कार्यदल गठन गरिएको थियो ।

उक्त कार्यदलले मिति २०८१।०९।२८ गतेका दिन त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, काठमाण्डौ लाई मिति २०२५ जनवरी ०८ र ०९ का दिन काठमाडौंवाट हङकङ उडान भएको दुइवटा उडानमा रहेको १० र १८ जना यात्रुहरुलाइ खाद्य विषाक्तता (Food Poisoning) भएको सम्वन्धमा पत्राचार गरि काठमाण्डौ एयरपोर्ट भएर जाने अन्य उडानका यात्रुहरुलाइ खाद्य विषाक्तताको घटना भए नभएको सम्वन्ध मा पत्राचार गरिएको थियो ।

यसका साथै सम्वन्धीत हवाइ सेवा प्रदायक Cathay Pacific को काठमाण्डौ सम्पर्क कार्यालयलाई सम्पर्कगरि निम्न अनुसारको बमोजिमका विस्तृत विवरण माग गरिएको ।

- उत्त हवाइ सेवा प्रदायकले उक्त उडानका दौरान खुवाइने खानाहरु कहाँ के कसरी तयार / भण्डारण गरिन्छ सो को विवरण ।
- काठमाण्डौ हङकङको २०२५ जनवरी ०८ र ०९ (२०८१ पौष २४ र २५ गते) को दुइ फ्लाइटमा यात्रा गर्ने यात्रुहरुको परिचय खुल्ने नाम तथा ठेगाना विवरण ।
- सम्बन्धित हवाई सेवाले हङकङबाट नै उत्पादित खाना यदि यात्रुहरुलाई उपलव्ध गराएको हो भने उपलब्ध गराएको खानाको मेनु, शाकाहारी वा मांशाहारी विवरण ।
- हवाइजहाजमा खानाको भण्डारण तापक्रम तथा खानाको अवस्था सम्वन्धी विस्तृत विवरण ।
- हवाइसेवामा खानाको क्याटरिंग गर्ने आपूर्तिकर्ता वा उत्पादकले आफुले उत्पादन गरेको खानाको गुणस्तर प्रमाणीकरण सुनिश्चित गर्ने GMP/ HACCP/ ISO २२००० को प्रमाणपत्र ।
- हवाइसेवामा कार्यरत Cabin Crew हरुको नियमित स्वस्थ्य परिक्षणको प्रमाणपत्र ।

अध्ययनको दौरान क्याथे प्यासिफिकको हङकङ कार्यलय तथा हङकङको Centre for Health Protection (CHP) of the Department of Health (DH) संग इमेल आदान प्रदान मार्फत सुचना तथा जानकारीहरु प्राप्त भएको थियो ।

हङकङको Department of Health (DH) मातहतको Centre for Health Protection (CHP) वाट प्राप्त इमेल अनुसार उक्त खाद्य विषाक्तता (Food poisoning) उडानका दौरान यात्रुहरुलाइ खुवाएको खानावाट भएको देखिएको र उडान भन्दा अगाडी यात्रुहरुले नेपालमा खाएको खाना वाट नभएको जानकारी प्राप्त भएको छ । उक्त खाना सो उडान कम्पनीको हङकङ स्थित Cathay Pacific Catering Services (H.K) Ltd., 11 Catering Road East, Hong Kong International Airport, Kantau, Hong Kong ले तयार गरेको थियो । इन्फोसान वाट प्राप्त जानकारीमा १० र १८ जनामा खाद्य विषाक्तता भनि जानकारी प्राप्त भएकोमा हङकङ वाट प्राप्त जानकारी अनुसार ४३ जनालाइ खाद्य विषाक्तता भएको थियो ।

यस प्रकारको खाद्य विषाक्तताको घटना भविष्यमा हुन नदिन नेपाल बाट उडान हुने अन्तरास्ट्रिय हवाई कम्पनीहरुलाई उडानका दौरान खुवाइने खानाको स्वचछता र गुणस्तर कायम राख्न संपुर्ण सरोकारवालाहरु लाइ विभाग सचेत गराउँदछ ।

सुमन धिताल
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८१।१०।२४